जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ४, २०८२ साउन २२ गते विहीबार, 7 Aug 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

हेटौंडामा खाद्यवस्तु भित्र पैसा राखेर बिक्री



मकवानपुर । हेटौंडाको बजारमा पछिल्ला दिनमा एक चकित पार्ने र चिन्ताजनक प्रवृत्ति देखिएको छ। यहाँका बालबालिकाको रोजाइमा पर्ने खाद्यवस्तुहरु विशेषत: मकैका ढुङ्गिमा पैसाका नोट रोल गरेर राखी बिक्री भइरहेको छ। 'हरिओम फुड प्रा.लि.' नामक कम्पनीबाट नवलपरासी, गैडाकोट ११ मा उत्पादन हुने यी ढुङ्गिहरुमा पाँच रूपैयाँदेखि पाँच सय रूपैयाँसम्मका नोट राखेर बिक्री भइरहेको पुष्टि भएपछि खाद्य सुरक्षाको सवालमा गम्भीर प्रश्न उठेका छन्।

पैसा खाद्यपदार्थमा ?

चितवन, नवलपरासी, मकवानपुरलगायतका जिल्लामा खुलेआम बिक्रि भइरहेको यसखाले वस्तुमा व्यापारीहरुले नोटलाई प्लास्टिकमा बेरेर ढुङ्गिभित्र राख्ने गरेका छन्। विज्ञापनका माध्यमबाट आकर्षक शब्द प्रयोग गर्दै बजारमा यसलाई प्रवर्द्धन गरिँदैछ। एकातिर बालबालिका लक्षित गरि एका यी वस्तुहरु चित्तठाको मोहमा बेर्चिदै छन् भने अर्कोतिर यसको नियमन, अनुगमन र स्वास्थ्य मापदण्ड परीक्षण गर्ने जिम्मेवार निकाय मौन बसेका छन्।

उपभोक्ता मुक्किने रणनीति

बालबालिकालाई लक्षित गरिएका आकर्षक प्याकिङ, रंगीन पोस्टर र 'पैसा पाउने' आशाले अभिभावकहरु नै लोभिन पुगेका छन्। बजारमा देखिने यस्ता प्रचारले 'खेलकुदका रुपमा पैसा जित्ने' आशा बोकेर बालबालिका धेरै यस्ता वस्तु किनिरहेका छन्। अभिभावकहरुको भनाइमा, "बच्चाहरुले एकचोटि पैसा भएको मकै पाएपछि बारम्बार किनिदिन कर गर्छन्। यिनीहरुको स्वास्थ्यको ख्याल भन्दा पनि उनीहरुको लोभले हामी दबिन्छौं।" यसरी खाद्ययवस्तुमा पैसा राखेर बिक्री गर्न नहुने उपभोक्ता अधिकारकर्मी अजय अधिकारी बताउँछन् ।

स्वास्थ्य जोखिमको संकेत

पैसाका नोटहरु स्वास्थ्यका दृष्टिले अत्यन्तै संवेदनशील हुने गर्छन्। बजारमा चलनचल्तीमा आउने नोटहरुमा धुलो, ब्याक्टेरिया, किटाणु र विषाणु हुन सक्छन् भन्ने कुरा विज्ञहरुले बारम्बार औंल्याउँदै आएका छन्। यस्ता नोटहरुलाई खाद्यवस्तुमा हाल्दा तिनको सतहमा रहेका सूक्ष्म जीवाणु खाद्यपदार्थमा सर्ने सम्भावना रहन्छ।

कानूनी व्यवस्था के भन्छ?

नेपालको खाद्य ऐन २०२३ र खाद्य नियमावली २०२७ ले खाद्य वस्तुहरुमा अशुद्ध, हानिकारक, वा गैरखाद्य वस्तु राखेर बिक्री वितरण गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ। साथै, यस्तो कार्यले आम उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने खतरा भएमा सम्बन्धित व्यक्तिलाई कारवाही गर्न सकिने कानुनी प्रावधान पनि छ।

नियमनकारी निकायको निष्क्रियता

पछिल्लो समयमा उपभोक्ताको स्वास्थ्य तथा उपभोग्य वस्तुको गुणस्तरमाथि ध्यान पुर्याउनु पर्ने सम्बन्धित सरकारी निकायहरु निष्क्रिय देखिएका छन्। खाद्य प्रविधि तथा गुण नियन्त्रण , जिल्ला प्रशासन कार्यालय, उद्योग तथा उपभोक्ता हित संरक्षण डकाई लगायतका निकायहरु यस्तो कार्य भइरहेको थाहा हुँदाहुँदै पनि बेवास्ता गरिरहेका छन्।

यस्तो बन्यो बागमती



सरकार

सहीखबर संवाददाता

मकवानपुर। देशको सात प्रदेशमा सबैभन्दा नौलो घटनाक्रम पछ्यायउँदै नयाँ सरकार गठन भएको बागमतीमा नव नियुक्त मन्त्रीहरू कस्तो पृष्ठभूमिबाट आए भन्ने जिज्ञासा सामान्य नै हो । मंगलबार नियुक्त नव सरकारमा राष्ट्रिय योजना आयोगको पूर्वउपाध्यक्षदेखि राजनीतिक आन्दोलनमा भूमिगत भएकाहरूसम्म रहेका छन् ।

आफ्नै दलको नेतालाई अविश्वासको प्रस्ताव राखेर दलको नेताबाट हटाई आफैंमित्र राजनीति गरेको आरोप खेपेका नव नियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफू नियुक्त भएकै दिन मन्त्रीपरिषद विस्तार गरे । जसमा सत्ता साझेदार दल नेकपा एमालेको ६ जना र आफ्नो दल नेपाली काँग्रेसबाट २ जना मन्त्री नियुक्त गरेका छन् ।

जसमा एमालेबाट मधुसुदन पौडेल, बिन्दु श्रेष्ठ, जयराम थापा, भरतबहादुर केसी, किरण थापा र डा. दिनेशचन्द्र देवकोटाले मन्त्री पद पाएका छन् भने काँग्रेसबाट कृणकुमार तामाङ र शिवराज अधिकारीले पद तथा गोपनियताका सपथ लिएका हुन् । मन्त्री पदमा नियुक्त भएकाहरु विशेषगरी आन्दोलनमा कमान्डर रहेका छन् ।

डा. दिनेश चन्द्र देवकोटा : गोरखामा जन्मिएका उनी हाल काठमाडौं ४ लमटङगीनका स्थायी बासिन्दा देवकोटा । राष्ट्रिय योजना आयोगको पूर्वउपाध्यक्ष भइसकेका डा. देवकोटा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री नियुक्त भएका छन् । एमालेका तर्फबाट समानुपातिकतर्फ खसआर्य कोटामा प्रदेशसभा सदस्य बनेका उनले विद्यावारिधि गरेका छन् ।

इन्जिनियरसमेत रहेका डा. देवकोटा सन् २००८ देखि २०११ सम्म नेपालको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष थिए । उनले सन् २००५ मा जापानको सैतामा विश्व विद्यालयबाट विद्यावारिधि र सन् १९९६ मा संयुक्त राज्य अमेरिकाको दक्षिणी इलिनोइस विश्वविद्यालयबाट एमएस्सी गरेका छन् । उनी एमालेनिकट नेपाल बुद्धिजीवी परिषदका अध्यक्ष हुन् ।

मधुसुदन पौडेल

ललितपुरको गोदावरी नगरपालिका ३ खहरेका स्थानीय पौडेलले व्यवस्थापन र समाजशास्त्रमा स्नातकोत्तर सम्मको औपचारिक शिक्षा लिएका छन् ।

बागमती प्रदेशसभा सदस्यमा ललितपुर १ (क) बाट निर्वाचित नेकपा एमालेका मधुसुदन पौडेल प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्री नियुक्त भएका छन् । पौडेलले ११ हजार २९९ मतसहित माओवादी केन्द्रका हरि दाहाललाई पराजित गरेर प्रदेशसभामा प्रतिनिधित्व गरेका हुन् । २०२३ साल भदौ ८ गते ललितपुरका गोदावरी ३ खहरेमा जन्मिएका पौडेलको ०३९ सालमा विद्यार्थीकालबाटै राजनीतिक यात्रा थालेका हुन् ।

तत्कालीन समयमा अनेरास्ववियुबाट राजनीति सुरू गरेका पौडेल नमुना मच्छिन्द्र विद्यालयमा स्ववियु सहसचिव हुँदै नेपाल कमर्स क्याम्पसको स्ववियु सभापति बनेका थिए । २०४८ मा अनेरास्ववियुका केन्द्रिय समिति सदस्य बनेका पौडेल ०४९ मा केन्द्रिय प्रचार विभाग प्रमुख र ०५१ सालमा विदेश विभाग प्रमुखको जिम्मेवारी प्राप्त गरे । ०४३ मा तत्कालीन नेकपा मालेबाट दलीय राजनीतिमा प्रवेश गरेका उनले ०५१ मा एमाले ललितपुर जिल्ला कमिटी सदस्य र ०५९ मा एमालेको ललितपुर सचिवको जिम्मेवारी पाए ।

२०६३/०६६ मा एमालेको ललितपुर अध्यक्षको नेतृत्व सम्हालेका उनले भूमि आयोग ललितपुरको अध्यक्ष भएर कामसमेत गरेका छन् । ०६४/०७० सालमा ललितपुर क्षेत्र नम्बर १ बाट संविधानसभा सदस्य पदका लागि निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए । ०६४ मा माओवादी नेता वर्षमान पुनसँग पराजित भएका उनी ०७० सालमा भने नेपाली कांग्रेसका उदयशम्सेर राणासँग पराजित भएका थिए ।

किरण थापा

प्रदेश सरकारमा दोस्रोपटक मन्त्री नियुक्त भएका थापा मगर ले आफूले सम्हाल्दै आएकै स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाएका छन् । ०७९ को निर्वाचनमा प्रदेशसभा सदस्य पदमा भक्तपुर ३ (क) बाट निर्वाचित भएका उनले दोस्रो पटक मन्त्री बन्ने अवसर पाएका हुन् । ०३३ भदौ १४ गते जन्मिएका थापा ०७४ सालमा सूर्यविनायक नगरपालिका वडा नम्बर ८ को वडाध्यक्षको जिम्मेवारी सम्हालेका उनले प्रमाणपत्र तहसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । थापा ०७४ सालको स्थानीय तह निर्वाचनदेखि भने पूर्णकालीन रुपमा एमालेको राजनीतिमा सक्रिय छन् ।

खेलकुदमा रूचि राख्ने थापा नेपाल तेक्वान्दो संघ बागमती प्रदेशको कोषाध्यक्ष, सूर्यविनायक उद्योग वाणिज्य संघको अध्यक्ष भइसकेका छन् । थापा ०५३ सालमा २० वर्षको उमेरमा राष्ट्रिय प्रजातन्त्र पार्टी, गाउँ कमिटी अध्यक्ष हुँदै राजनीतिक यात्रामा सहभागी भएका थिए।

बाँकी पेज ३ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

प्रदेश सरकारको चुनौति

बागमती प्रदेश सरकार अहिले फरक विचारधाराको दलको गठबन्धनमा बनेको छ। गठबन्धनमा रहेका दल नेकपा एमालेको सहमति र समन्वय कायम राख्दै प्रदेशको नेतृत्व गर्ने जिम्मेवारी छ। प्रदेशको आर्थिक अवस्था सुधार गर्नु महत्वपूर्ण चुनौती हो। आन्तरिक राजस्व संकलन बढाउने, वैदेशिक लगानी भित्र्याउने, रोजगारका अवसर सिर्जना गर्ने जस्ता सवालमा सरकारले ध्यान दिनुपर्छ। साथै प्रशासनिक संरचनालाई प्रभावकारी र चुस्त बनाउँदै सेवा प्रवाहलाई जनमुखी बनाउने, सुशासन कायम गर्ने, र भ्रष्टाचार नियन्त्रण गर्नेमा विशेष जोड दिनुपर्छ। कर्मचारीहरुको मनोबल बढाउने र उनीहरुलाई जिम्मेवार बनाउने कुरा पनि उत्तिकै महत्वपूर्ण सवाल छ।

बागमती प्रदेशमा अझै पनि धेरै क्षेत्रमा पूर्वाधारको कमी छ। सडक, बिजुली, खानेपानी, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकतालाई सबै नागरिकसम्म पुर्‍याउनु सरकारको प्राथमिकतामा हुनुपर्छ। ग्रामीण क्षेत्रको विकासमा जोड दिएर सन्तुलित विकासको अवधारणालाई अगाडि बढाउनु आवश्यक छ। प्रदेश सरकारले कानुन निर्माणमा पनि ध्यान दिनुपर्छ। प्रदेशलाई आवश्यक पर्ने कानुनहरु समयमै निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गराउनु पर्छ।

प्रदेशको अधिकार स्थापित गर्न संघीय सरकारसँग समन्वय र सहकार्य आवश्यक छ। बागमती प्रदेशमा बर्सेनि बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्का घटना हुने गर्छन्। यी विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्ने, पीडितलाई तत्काल राहत प्रदान गर्ने र दीर्घकालीन पुनर्निर्माणको योजना बनाउने काम सरकारको लागि चुनौती छन् । शिक्षा र स्वास्थ्यको गुणस्तर पाटोमा ध्यान दिनु आवश्यक छ, सर्वत्र ध्यान दिएर अघि बढोस् नव गठिन सरकारबाट सुशासन होस् ।

मातृसत्ता र महिलाअधिकार

पुरुषले फकाउँदैमा फकिनुमा महिला पनि दोषी हुन्छन् । पुरुषहरूको आलोचना गरेर, पुरुषहरूलाई गालीगलौज गरेर 'अधिकार प्राप्त हुन्छ' भन्नु दिवास्वप्न सरह हुने छ ।



डा. गोविन्द एस. उपाध्याय

भारतको मणिपुर, मेघालय, मिजोरम, अरूणाचल तथा मेघालयमा खासी, गाह्रो, जयंत्याजस्ता आदिवासी समुदायहरु छन् जहाँ महिलाहरुले विवाह गरेर पुरूषहरुलाई घर भित्त्र्याउने गर्छन् । सन् १९४७ पछि यी क्षेत्रहरुमा व्यापक इसाईकरण भयो । बाइबलले महिलालाई 'पुरूषले प्रयोग गर्ने वस्तु' ठान्छ र जिससले प्रष्ट रुपमा पुरूषहरुका बराबरी गर्न महिलाहरुलाई रोक लगाएका छन् । इसाईकरणसँगै यी क्षेत्रहरुमा महिलाले आफ्नो परम्परागत अधिकार गुमाउँदै आजको मितिमा पुरूषहरुको 'सेवा' गर्न बाध्य पारिएका छन् ।

सन् २०१९ मा मैले खासी समुदायबाट दर्शनशास्त्रमा प्रोफेसर बनेका माओले बताएअनुसार उपर्युक्त समुदायमा कान्छी छोरीलाई मात्र सम्पतिको अधिकार हुन्छ । कान्छीछोरीलाई मन परे अन्य दिदीबहिनीले अंश पाउँछन् । पुरूषहरुलाई सम्पत्तिमा कुनै अधिकार हुँदैन । सन् १९४७ भन्दा पहिला यी क्षेत्रहरुमा रानीको अधिकार चल्थ्यो । माओले बताएअनुसार इसाई बने पनि केही समुदायमा सांस्कृतिक रूपमा 'महिला प्रधान' रितिरिवाज चलिरहेको छ तर इसाईकरणले निकै कमजोर भएको छ ।

प्रो. माओले आफ्नो सम्पूर्ण तलब पत्नीलाई बुझाउनुपर्छ । सांस्कृतिक रुपमा उनी घरमूली होइनन् । घर, परिवार, सामाजिक निर्णयहरु लिने अधिकार महिलामा निहित हुन्छ । पत्नीको नाममा समाजले उनलाई चिन्छ अर्थात् फलानीको लोग्ने ! महिलाको अनुमतिविना कुनै पनि काम सम्भव छैन । सबैभन्दा रोचक कुरा त के भने उपर्युक्त समुदायहरुमा पुरूषको गोत्र वा थर हुँदैन, महिलाप्रधान समाज भएको कारण महिलाको गोत्र/थर नै सबैको थर हुन्छ । माओका अनुसार सन् १९४७ सम्म सबैले हिन्दू धर्म मान्थे तर आजको मितिमा धेरै इसाई भैसकेका छन् तर जुन हिन्दू छन्, तिनले आफ्नो मौलिक परम्पराअनुसार नै परिवार चलाइरहेका छन् ।

हिन्दू समुदायमा जीवित रहेको उपर्युक्त परम्पराले हिन्दुहरुमा महिला विरोधी रितिरिवाज बलियो छ र हिन्दू समाज पितृसत्तात्मक छ भन्ने आरोपलाई अस्वीकृत गर्छ । हिन्दुहरुलाई मातृसत्तात्मक समाज भए पनि कुनै असजिलो हुँदैन र पितृसत्तात्मक हुँदा पनि स्वीकार्य छ भन्ने प्रमाण उपर्युक्त जनजातिआदिवासीको चलनले प्रष्ट पार्छ । (केही सीमित रुपमा उपर्युक्त चलन मैले सुनेअनुसार नेपालको डोल्पो, मुस्ताङमा छ रे !)

पितृसत्तात्मक शब्द र सोच दूबै युरोपेलीहरुले खोजेका र स्थापित गरेका शब्द हुन् । अब्राहिमक रिलिजनले महिलाहरुप्रति गर्ने भेदभावले आक्रान्त भएर युरोपेली महिलाहरुले पितृसत्तात्मक संरचना विरूद्ध विद्रोह गरेका हुन् र तेहाका लागि त्यो उचित नै ठहरिन्छ । नेपाली र भारतीय समाजमा 'पितृसत्तात्मक' शब्दको उपयोग कम्युनिस्टहरुको प्रवेशसंगै भएको हो भन्न मिल्छ । निश्चय नै सैद्धान्तिक रुपमा नेपाली समाज 'पितृसत्तात्मक' नभए पनि व्यावहारिक रुपमा विद्यमान छ ।

महिलाहरु पुरूषहरुको तुलनामा विभेदमा परेका छन् तर इसाईहरुका विरूद्ध युरोपेली महिलाहरुले आरम्भ गरेको आन्दोलनलाई (जहाँ देशलाई फादरल्याण्ड भन्ने गरिन्छ) मातृभूमि (वैदिक, जैन, बौद्ध र चिनिया परम्परामा जन्मभूमिलाई मातृभूमि भनिन्छ) पुरूषहरुलाई गालीगलौज गर्नेहरुले इतिहास पढ्नुपर्छ ।

हिन्दू समाजमा महिलाप्रति विभेद छैन भन्नु अनुचित हुन्छ तर युरोप र अमेरिकाको इतिहासमा तेहाका पुरूषहरुले महिलाप्रति गरेको चरमविभेदलाई नेपाली समाजमा बुझ्नु मूर्खता र विदेशीहरुको सिखो बाहेक केही होइन । बरु नेपाली समाजमा प्रचलित मातृभूमि, मातृकुल प्रधान चालचलनहरु, महिला गुरुहरु बन्ने चलनहरु र महिलालाई पहिलो मान्यता दिने प्रचलन 'सीताराम, लक्ष्मीनारायण, राधाकृष्ण'लाई महिलाहरुको बर्चश्व र अधिकार स्थापित गर्ने दिशामा प्रयोग गर्नुपर्छ ।

सेमेटिक रिलिजनहरुमा 'महिला गुरु' वा महिला 'देवी' हुने कुराको कल्पनासम्म गरिन्न । आजको मितिमा कुनै पनि महिला मुल्ला, मौलवी, फादर वा पास्चर छैनन् । यही आँखाले नेपाली समाजलाई 'पितृसत्तात्मक' भनेर गालीगलौज गर्दैमा महिलाहरु अधिकार सम्पन्न हुँदैनन् । एउटा अतिवादबाट अर्काअतिवादतिर लैजाने सिद्धान्त र क्रियाकलापहरुलाई बेलैमा मन्थर पार्नुपर्छ ।

पितृसत्तात्मक शब्दको कल्पना फादरल्याण्डका विरूद्ध विकसित भएको हो यसको नेपाली समाजसँग कुनै साइनो छैन । नेपाल आमा पनि भन्ने र पितृसत्तात्मक व्यवस्था विरूद्ध लड्छु भन्नु निकै विरोधाभाषी छ । पुरूष होस् वा महिला दूबैले उपर्युक्त शब्दसंग 'प्रगतिशीलता, आधुनिकता र विकास'लाई जोड्नुको अर्थ छैन ।

महिलाको उत्थानका लागि आवश्यक सुविधाहरु प्राप्त गर्नु उनीहरुको मौलिक अधिकार हो तर पुरूषहरुलाई धारेहात लगाएर, पुरूषहरुसँग शत्रुतापूर्ण व्यवहार गरेर, पुरूषहरुलाई गालीगलौज गरेर प्राप्त हुने भनिएको 'अधिकार' तासको घरझैं हुन्छ । शिक्षा, स्वास्थ्य, स्रोतसाधन र काममा पहुँच मुख्य कुरो हो । महिलाहरुले अहिले पुरूषले ओगटीरहेको ठाउँ ओगट्न सफल हुनुभनेको अधिकार प्राप्त होइन अपितु अर्को शोषणको आरम्भ हो ।

अधिकार र कर्तव्य, राम्रो र नराम्रो, उचित वा अनुचित नीतिशास्त्रका विषय हुन् । नीतिशास्त्रका विषयहरु स्थानीय समाजले तय गर्छ । राष्ट्रले त्यसको प्रतिनिधित्व गर्छ । व्यक्तिले कर्तव्य ठानेर उत्तरदायित्व लिन्छ । एकातिर पितृसत्तात्मक पक्षको कठोर आलोचना गर्ने अर्कोतिर महिलालाई विज्ञापनका माध्यमबाट उपभोग्य सामग्री (ऋयक्ययमष्तथ) का रुपमा स्थापित गर्न खोज्नुको अर्थ छैन ।

एउटा फलामको कारसंग किन अर्धनग्न महिलाको फोटो छापिन्छ, किन हरेक रक्सीका विज्ञापनहरुमा महिलाको शरीर प्रयोग हुन्छ, किन प्रत्येक कण्डमका डब्बाहरुमा पुरूषको नभएर महिलाको फोटो हुन्छ ? कुनै पनि महिला अधिकारवादीहरुले जवाफ खोज्ने प्रयत्न गर्नुपर्छ । निश्चय नै, प्रत्येक महिलाले महिला भएकै नाममा असमानता खेप्नु दुर्भाग्यपूर्ण हो तर विवाहित पुरूषसँग दोस्रो विवाह गर्ने विषयमा पुरूषलाई मात्र दोष दिनु सही होइन । पुरूषले फकाउँदैमा फकिनुमा महिला पनि दोषी हुन्छन् ।

विज्ञानको विकाससँगै धेरै परम्परागत मान्यताहरु बदलिएका छन् । सोच र चालचलन, आवश्यकता र परिवेश बदलिएको छ । तर वैदिक हिन्दु समाज होस् वा जैन वा बौद्ध समाज जसरी प्राचीनकालदेखि नै महिलाहरुलाई देवी, गुरु मानेर पूज्ने र आदर गर्ने परम्परा चलिर हेको छ, तेसरी आजको समाजमा पनि हिन्दुहरुमा महिलाहरु गुरुका रुपमा, जैनहरुमा साध्विका रुपमा र बौद्धहरुमा आनीका रुपमा जीवन्त छन् ।

पितृसत्तात्मक शब्दलाई 'मुक्ति' ठान्ने चिन्तनसँग रूल्मुलिएकाहरुले 'महिलाहरुलाई देवी मानेर पूजा गर्यो भने महिलालाई देवीका रुपमा पुज्नु भन्दा अधिकार देऊ' भन्दै विरोध गरिन्छ । विडम्बना यहीं छ । तेरसौले आफ्नो मौलिक संस्कृतिको सम्मान गर्दै महिलाहरुलाई सुशिक्षित गर्न, सामान अधिकार प्राप्त गर्न, अवसरहरु सुनिश्चित गर्न र सम्मान सृजना गर्न काम गर्नुपर्छ । पुरूषहरुको आलोचना गरेर, पुरूषहरुलाई गालीगलौज गरेर 'अधिकार प्राप्त हुन्छ' भन्नु दिवास्वप्न सरह हुने छ ।

पितृसत्तात्मक नेपाली समाजका कारण महिलाहरु पछाडि परेका हुन् भने उप्रान्त महिला अधिकार कर्मीहरुले खासी, गाह्रो, जयंत्या आदिवासीहरुले परम्परागत रुपमा अभ्यास गर्दै आइरहेको 'मातृप्रधान सत्ता'को अभ्यास गरौं । के खागजको स्वदेशी मातृसत्तात्मक समाजको अभ्यास गर्न 'महिला अधिकारवादी'हरु तयार छन् ? अथवा 'खागज' पनि वैदिक हिन्दू समाजको प्राचीन अभ्यास भएकोले अस्वीकार्य ठहरिने छ ? अथवा नारीअधिकारवादीहरुका लागि केवल विदेशी अधिकारवाद मात्र स्वीकार्य हुने हो ? उत्तर प्राप्त गर्न सम्भव छैन । अधिकारवादी आन्दोलनले महिलालाई धेरै सचेत बनाएको तत्थ्य स्वागतयोग्य छ तर पितृसत्तात्मक सत्ताको विरोधका नाममा 'मातृभूमि'मा विश्वास गर्ने र अभ्यास गर्ने वैदिक, जैन र बौद्ध समुदायप्रति अभद्र टिप्पणी गर्ने कुरा स्वागतयोग्य छैन ।

घटना र बिचारबाट

यस्तो बन्यो बागमती सरकार ..



पेज १ को बाँकी

तत्कालीन समयमा राप्रपाका विभिन्न भूमिकामा रहँदै आएका उनी २०७१ पुसमा एमाले प्रवेश गरेका थिए ।

विन्दु श्रेष्ठ

एमालेको समानुपातिक कोटामा आदिवासी जनजातितर्फबाट बागमती प्रदेशसभा सदस्य बनेकी बिन्दु श्रेष्ठले उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी पाएकी छन् । काठमाडौंको चन्द्रागिरी नगरपालिका ४ इमाखेलकी बिन्दुले प्रमाणपत्र तहसम्मको औपचारिक शिक्षा हासिल गरेकी छन् ।

पारिवारिक पृष्ठभूमि राजनीतिक भएकाले उनलाई पार्टी राजनीतिमा होमिन केही सहज भयो । संविधानसभा सदस्य एवम् एमालेनिकट ट्रेड युनियन महासंघका अध्यक्ष विनोद श्रेष्ठ उनका दाजु हुन् । तत्कालीन समयमा थनकोटस्थित बिन्दुको घर एमाले नेताहरुको सेल्टर थियो । जसले उनलाई राजनीतिमा लाग्न थप प्रेरित गऱ्यो । ०४० सालमा अखिल नेपाल महिला संघ थानकोट गाउँ कमिटीको अध्यक्ष भएर काम गरेकी उनले ०४८ मा एमालेको पार्टी सदस्य भएकी हुन् ।

२०५४ सालमा थानकोट गाविसको सदस्य निर्वाचित भएर जनप्रतिनिधिको भूमिकासमेत उनले निर्वाह गरिसकेकी छन् । एमालेको इलाका, क्षेत्रलगायत कमिटीमा बसेर काम गरिसकेकी छन् । राजनीति यात्राकै क्रममा राज्यबाट पटक (पटक गिरफ्तारीमा परिन् । तर परिवारका सदस्यहरुले उनलाई साथ दिइरहे । ०६२/६३ को जनआन्दोलनमा उनले काठमाडौं पश्चिम क्षेत्र (थानकोटसम्म)को महिला समितिको नेतृत्व गर्ने अवसरसमेत पाइन् ।

उनको अगुवाइमा ०६३ वैशाख ६/७ को महिलाको बृहत् जुलुस आयोजना भएको थियो । जसप्रति तत्कालीन शाही सरकारले दमन गरेको थियो । एमालेको ७ औं र १०औं महाधिवेशनमा प्रतिनिधि भएकी उनी उनी हाल पार्टीको काठमाडौं जिल्ला कमिटी सचिवालय सदस्य र संसद् विभागमा आबद्ध छिन् ।

भरत बहादुर केसी

सांसद भरत बहादुर केसी दोलखाबाट प्रदेशसभामा निर्वाचित भएका हुन् । ०७९ को प्रदेशसभा निर्वाचनमा १९ हजार ४१४ मत प्राप्त गरेका केसीले कांग्रेसका उम्मेदवार बर्मा लामालाई पराजित गरेका थिए । दोलखामा एमालेलाई पराजित हुनबाट जोगाएका केसीलाई प्रदेशको वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

एमाले दोलखाको उपसचिव हुँदै बागमती प्रदेश कमिटी सदस्य बनेर काम गरेका केसी भीमेश्वर नगरपालिकाको मेयरसमेत भइसकेका व्यक्ति हुन् । साथै उनी ०५४ सालमा जिल्ला विकास समिति दोलखाको सदस्यमा निर्वाचित भएका थिए । २०२२ साल भदौ ७ गतेमा जन्मिएका केसीले ०३६ को पञ्चायतविरुद्ध विद्यार्थी आन्दोलनमा सहभागी भएर राजनीतिक जीवन सुरूवात गरेका थिए । केसी नेपाल ल क्याम्पसमा उच्च शिक्षा अध्ययनका क्रममा अनेरास्ववियु प्रारम्भिक कमिटीमा थिए ।

कानुनमा स्नातक तह पास गरेका केसीले ०४६ सालमा पार्टीको संगठित सदस्यता लिएर ०५० सालमा एमाले जिल्ला कमिटी दोलखाको जिल्ला कमिटी सदस्य बनेका थिए । केसीले नेपाल खेलकुद महासंघको केन्द्रीय उपाध्यक्ष तथा बागमती प्रदेश प्रमुखको रुपमा जिम्मेवारी पाइसकेका छन् ।

जयराम थापा

अधिवक्ता जयराम थापा अनेरास्ववियुको स्कुल कमिटी अध्यक्ष हुँदै राजनीतिमा होमिएका व्यक्ति हुन् । काठमाडौं क्षेत्र नम्बर ४ (ख) बाट बागमती प्रदेशसभा सदस्य निर्वाचित भएका थापा श्रमरोजगार तथा यातायात मन्त्री नियुक्त भएका छन् । थापाको जन्म बूढानीलकण्ठ नगरपालिका ३ मा २०३३ कात्तिक १७ गते भएको हो ।

बुवा तारा बहादुर थापा र आमा अडरकुमारी थापाका माइलो छोरा थापाले भारतको जवाहरलाल नेहरु विश्वविद्यालयबाट सन् २०२० देखि कूटनीतिक कानुनमा विद्यावारिधि गरेका छन् । २०४९ सालमा गणेश माध्यमिक विद्यालयको अनेरास्ववियु प्रारम्भिक कमिटीका अध्यक्ष भएका थापा अनेरास्ववियुको राजनीतिमा क्रियाशील हुन पुगे । थापा ०६८(७० सम्म पाटन उच्च बार कमिटीको अध्यक्ष भएर काम गरे । २०७३(०७४ मा एमाले केन्द्रीय संस्कृति विभागको सदस्यको जिम्मेवारी पाएका उनी २०७१ बूढानीलकण्ठ क्षेत्र विकास समितिको अध्यक्ष बनेका थिए । उनी हाल एमाले काठमाडौं जिल्ला कमिटीमा सक्रिय छन् ।

शिवराज अधिकारी

धादिङका शिवराज अधिकारी कांग्रेसबाट समानुपातिकतर्फ खसआर्य कोटामा बागमती प्रदेशसभा सदस्य बनेका हुन् । धादिङको ज्वालामुखी गाउँपालिका(४ कुशुका अधिकारीले स्नातक सम्मको औपचारिक अध्ययन पूरा गरेका छन् ।

२०२४ साल भदौबाट कांग्रेसको विद्यार्थी राजनीति थालेका अधिकारी ०२७ सालमा नेविसंघ धादिङको अध्यक्ष भएका थिए । ०२८ सालमा रेडक्रस सोसाइटी धादिङको संस्थापक अध्यक्ष भएका उनी ०३३ सालमा तत्कालीन पार्टी सभापतिले कांग्रेस धादिङ जिल्ला समिति बनाउँदा सदस्यमा मनोनित भएका थिए । सदस्यबाट सुरू भएको अधिकारीको पार्टी राजनीति लामो समय उपसभापतिमा बित्यो । ०५९ सालमा मात्र उनले कांग्रेस धादिङको सभापतिको जिम्मेवारी पाए । ०४६ सालको जनआन्दोलनमा उनले धादिङमा कमान्डरको भूमिका निर्वाह गरेका थिए ।

राजनीति दौरान ०२९ सालमा उनी भूमिगतसमेत भएका थिए । त्यस वेला भएको बम काण्डमा मुछिएका उनलाई राज्यद्रोहको मुद्दा लागेको थियो । उक्त समयमा ६ महिना भूमिगत रहेका अधिकारी हाल बागमती प्रदेशको समानुपातिक सांसद हुँदै मन्त्री नियुक्त भएका हुन् ।

कृष्णकुमार तामाङ

सिन्धुपाल्चोक क्षेत्र नम्बर २ (ख) बाट निर्वाचित कृष्णकुमार तामाङ प्रदेशको खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री नियुक्त भएका छन् । मेलम्ची नगरपालिका(४ थकनीका स्थानीय तामाङ विद्यार्थी जीवनबाट राजनीतिमा आएका हुन् । नेविसंघको राजनीति गरेर आएका उनी पछि तरूण दलमा आबद्ध भए । तरूण दलको क्षेत्रीय सभापति चलाएर पार्टी राजनीतिमा होमिएका उनी पार्टीको १४औं महाधिवेशनमा क्षेत्रीय सभापतिमा पराजित भए । त्यसपछि उनी पार्टीमित्र पदविहीन छन् । यद्यपि उनी पार्टीले जिल्ला र प्रदेशमा सञ्चालन गर्ने कार्यक्रममा भने सक्रिय रहँदै आएका थिए ।

उनलाई पार्टीले विशेषगरी निर्वाचनको कमान्डरको भूमिकामा खटाउने गरेको छ । उनले लोकतान्त्रिक खेलकुद महासंघको केन्द्रीय सदस्यसमेत भएर काम गरिसकेका छन् । उच्च माध्यमिक तहसम्मको औपचारिक शिक्षा आर्जन गरेका उनी निर्माण व्यवसायमा आबद्ध छन् ।

मुख्यमन्त्रीलाई ६ मन्त्रालयको जिम्मेवारी

मुख्यमन्त्री बानियाँले आफ्नो काँधमा ६ वटा मन्त्रालयको जिम्मेवारी राखेका छन् । पार्टी सभापति शेरबहदुर देउवाको निर्देशनानुसार मन्त्री नियुक्त गर्नुपर्ने भएकाले मुख्यमन्त्री बानियाँले आफ्नो जिम्मेवारीमा ६ वटा मन्त्रालय कायम राखेका हुन् । तर सत्ता साझेदार दल एमालका तर्फबाट भने सबै ६ वटा मन्त्रालयहरूमा एमालेका मन्त्रीहरुले नियुक्त भएका छन् ।

नेपाली कांग्रेस र एमालेको समर्थनमा सर कारको नेतृत्वमा पुगेका मुख्यमन्त्री बानियाँले पहिलो चरणमा ८ मन्त्री नियुक्त गरेका छन् । तर काँग्रेसबाट भागमा परेको ७ मन्त्रालयमध्ये हालसम्म एक मात्र मन्त्रालयमा मन्त्रीले जिम्मेवारी लिएका छन् । प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले संविधानको धारा १६८ को उपधारा (९) अनुसार मुख्यमन्त्री बानियाँको सिफारि समा मन्त्रिपरिषद् गठन र कार्य विभाजन गरेका हुन् । हाल बागमती प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित १४ वटा मन्त्रालय छन्, जसमध्ये ६ मन्त्रालयमा मन्त्रीको नियुक्ति नभएको अवस्थामा ती सबै जिम्मेवारी मुख्यमन्त्री बानियाँले आफैं सम्हाल्ने भएका हुन् । उनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसँगै आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, सामाजिक विकास, संस्कृति तथा पर्यटन, युवा तथा खेलकुद र सहकारी तथा गरिबी निवारण मन्त्रालयको समेत कार्यभार सम्हालिरहेका छन् ।

नेपाली काँग्रेसले भाग पाएको मन्त्रालयमा मन्त्री दुङ्ग्याउने विषयमा पार्टीमित्रको आन्तरिक छलफल अझै दुङ्गोमा नपुगेको कारण जिम्मेवारी बाँडफाँडमा ढिलाइ भएको हो । हालसम्म काँग्रेसबाट कृष्णकुमार तामाङले मात्र मन्त्रालयको जिम्मेवारी पाएका छन् भने अर्का मन्त्री शिवराज अधिकारी विना विभागीय अवस्थामा रहेका छन् । बाँकी मन्त्रालयका लागि पार्टी सभापति शेरबहादुर देउवा र शीर्ष नेताहरुसँग छलफल गरेर निर्णय गरिने र एक साता भित्र मन्त्रिपरिषद्ले पूर्णता पाउने मुख्यमन्त्री बानियाँले जनाएका छन् ।

पहिलो क्याबिनेटले गऱ्यो यस्तो निर्णय

बानियाँ नेतृत्वको सरकारले प्रवक्ताको जिम्मेवारी खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्री कृष्णकुमार तामाङलाई तोकिएको छ । यस अघि अन्तारिक मामिला तथा कानून मन्त्रालयका मन्त्रीलाई प्रवक्ता तोक्ने गरिएको थियो । पहिलो बैठकले प्राकृतिक विपद्को कारण हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै सरकारी निकायलगायत अन्य संघसंस्थालाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत समन्वयकारी ढङ्गले परिचालन गरिने निर्णय गरेको छ । प्रदेशमित्र उद्धार, राहत र प्रतिकार्यको लागि उच्चस्तरीय एकीकृत संयन्त्र बनाउने निर्णय गरेको प्रवक्ता तामाङले जानकारी दिए ।

उनका अनुसार सो संयन्त्रमा आन्तरिक मामिला तथा कानुन मन्त्री संयोजक एवम् सम्बन्धित प्रशासनिक निकायका प्रमुखहरु सदस्यको रुपमा रहेनछन् । संयन्त्रलाई तयारी अवस्थामा राखी आवश्यक सामग्री तत्काल उपलब्ध गराउने समेत निर्णय भएको उनले बताए । बैठकले प्रदेशमित्र बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिको कारण वासस्थान गुमेकाहरुलाई अस्थायी बसोबासको प्रबन्ध मिलाउने निर्णय समेत भएको मन्त्री तामाङले बताए ।

विपत्तिबाट क्षतिग्रस्त भएका सडकहरुको संघीय सरकारको भौतिक पूर्वाधार मन्त्रालय तथा सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा तत्काल मर्मत गरी सवारी आवागमनको प्रबन्ध मिलाउने निर्णय समेत बैठकले गरेको छ । बैठकले प्रदेशसभाबाट पारित गरेको सङ्कल्प प्रस्तावलाई कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय समेत गरेको छ ।

प्रदेशमित्र रहेको अति विपन्न सीमान्तकृत समुदाय, वनकरियाको उचित वासस्थानलाई उच्च प्राथमिकता दिने निर्णय भएको मन्त्री तामाङको भनाई छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो मासिक पारिश्रमिकबाट आ नो निर्वाचन क्षेत्रमित्र रहेको एउटा अति सीमान्तकृत परिवारलाई घर निर्माण गरी हस्तान्तरण गर्ने घोषणा समेत गरेको उनले बताए ।

बादल विस्फोट (क्लाउड ब्रस्ट) कसरी हुन्छ ?

○सरस्वती अधिकारी

भारतको उत्तराखण्डस्थित उत्तर काशी जिल्लाको धराली गाउँमा मंगलबार अचानक आएको बाढी आयो। बाढीले बगाएर अहिलेसम्म ४ जनाको मृत्यु भएको पुष्टि गर्दै प्रहरी अधिकारीहरुले ५० जनाभन्दा बढी मानिस बेपत्ता रहेका जनाएका छन्।

बिबिसीले जनाएअनुसार धराली गाउँ गंगोत्री धामभन्दा लगभग २० किलोमिटर अगाडि अवस्थित एक प्रमुख बिसौनी हो, जहाँ प्रत्येक वर्ष चार धाम यात्राको क्रममा ठूलो संख्यामा भक्तजन बस्छन्। बादल विस्फोट अर्थात् क्लाउड ब्रस्ट (आरीघोप्टे) भएर वर्षा खस्दा माथिबाट आएको लेदोसहितको तीव्र गतिमा आएको बाढीले तल्लो क्षेत्रमा रहेको गाउँका तीन दर्जनभन्दा बढी घर र होटल बगाएको छ ।

बादल फुट्नु कस्तो घटना हो ?

मौसम विज्ञानका अनुसार एक घण्टामा सानो क्षेत्र (एक देखि १० किलोमिटर) मा १० सेन्टिमिटर वा सोभन्दा बढी भारी वर्षा हुन्छ भने त्यो घटनालाई बादल फाट्नु भनिन्छ। कहिलेकाहीँ एउटै ठाउँमा एकभन्दा धेरै बादल फाट्न सक्छन् र यस्तो अवस्थामा ठूलो जनधनको क्षति हुने गर्छ । यस्तै घटना उत्तराखण्डमै सन् २०१३ मा भएको थियो, तथापि भारी वर्षाको जुनसुकै घटनालाई बादल फाटेको भन्न मिल्दैन। जलवायु विज्ञ डा. धर्मराज उप्रेतीका अनुसार तल्लो भूमि अर्थात् तराई, खोँच, दाङ जस्तै उपत्यकाबाट वाष्पीकरण भएपछि यस प्रकारको बादल बनेर उकालो लाग्दै, पहाडसँग ठोक्किँदै माथितिर जान्छ। यस्तो क्यूमुलोनिम्बस क्लाउड अर्थात् बादलको राजा जुन पानीको बाफ वा थोपा लिएर आकाशतिर जान्छ। यसरी तलबाट गएको तातो हावासहितको बादललाई आकाशमा पहिले नै भएको चिसो बादलले पानीको रुपमा परिणत गर्छ र माथि बढ्न दिँदैन।

तलबाट गएको तातो बादल माथिको बादलले थिचेर उक्लन नपाई पानीमा परिणत हुनु परेपछि आकाशमा एउटा विन्दुमा ताल जस्तै गरी धेरै पानी जम्मा हुन्छ र तल्लो बादलले धेरै समय थेग्न सक्दैन । जसका कारण त्यो पानी एक्कासि तल झर्छ जसलाई क्लाउड ब्रस्टको अवस्था भनिएको छ। जुन बेला धर्तीमा एकैचोटी ठूलो, अति भारी वर्षा भइदिन्छ। यसरी एकैचोटी १०० मिलि मिटर देखि माथिको वर्षा एकै ठाउँमा भइदियो भने अचानक बाढी आउने (फ्ल्यास ब्लडको) अवस्था सिर्जना हुन्छ।

यसले पानी मात्र ल्याउँदैन, माटो, पाँगो सबैलाई बोकेर बाढीको तीब्रतालाई बलियो बनाइदिन्छ र हिजो उत्तराखण्डमा आएको बाढीको विकराल रुप निम्त्याइदिन्छ।

बादल कस्तो क्षेत्रमा फुट्छ ?

बादल फाट्ने सम्भावना धेरैजसो पहाड, पहाडको खोँचमा हुन्छ । तथापि कञ्चनपुरमा गत वर्ष भएको दुर्लभ घटना मान्नुपर्छ। माथि पहाड, महाकालीको किनार, पश्चिमी वायु, अरब सागरबाट आएको र मनसुनी वायुबीच भएको ठकरावले त्यतिबेला कञ्चनपुरमा यस्तै घटना भयो, जसलाई क्लाउड ब्रस्ट भनियो । तर त्यो अति भारी वर्षाको अवस्था भए पनि क्लाउड ब्रस्टको अवस्था उच्च पहाडी भेग र खोँचमै बढी हुने सम्भावना रहन्छ। क्लाउड ब्रस्ट गराउने बादलले नै असिना पानी पनि पार्छ। प्री मनसुनमा एकैचोटी ठुलो असिना भएर आउने त्यही बादल हो ।

पूर्वानुमान गर्न सकिन्छ ?

उत्तराखण्डमा पश्चिमी वायु सक्रिय भएको अवस्थामा भारी वर्षाको सम्भावनाबारे मौसम विभागले सचेत गराएको थियो। मनसुनी वायु, पश्चिमी वायु, हावाको माथिल्लो भाग, (अपर एयेर सर्कुलेसन) माथिल्लो वायु चक्रवाती परिसंचरण बनि सकेपछि आकाशमा रहेको बादलको अवस्था झन् बलियो हुन्छ। धर्तीबाट गएको बादललाई त्यसले दबाउन खोज्दा परिणाम स्वरुप ब्रस्ट हुन्छ।

बादल फुट्ने घटना एक देखि १० किलोमिटरको दूरीमा सानो मात्रामा हुने मौसमी परिवर्तनका कारण हुन्छ। यस कारण यसको पूर्वानुमान गर्न कठिन रहेको बताइन्छ। राडारमार्फत एउटा ठूलो क्षेत्रका लागि निकै भारी वर्षाको पूर्वानुमान मौसमविद्हरूले लगाउँछन् तर कुन क्षेत्रमा बादल फाट्न (क्लाउड ब्रस्ट) सक्छ भनेर पहिले नै बताउन गाह्रो छ। यद्यपि बादल फुट्ने अवस्था समतल क्षेत्रहरुमा पनि हुन सक्छ तर पहाडी क्षेत्रमा नै सम्भावना धेरै रहेको डा. उप्रेतीले बताए। भारतको उत्तरी भागमा भने मेदेखि जुलाई र अगस्टसम्म यस प्रकार को मौसमी प्रभाव देखिने गरेको बिबिसीले उल्लेख गरेको छ।

मनसुनमा मात्र क्लाउड ब्रस्ट हुन्छ ?

सामान्यतया अहिलेसम्म मनसुनी अवधिमा मात्रै क्लाउड ब्रस्टको अवस्था देखिएको डा. उप्रेती बताउँछन्। उनका अनुसार मनसुनमा अपर एयेर सर्कुलेसन पनि बलियो हुन्छ र दुई तीनवटा वायु सक्रिय हुने भएकाले यस अवधिमा क्लाउड ब्रस्टको अवस्था बन्छ।

नेपालमा क्लाउड ब्रस्ट

रूकञ्चनपुरमा गतवर्ष भएको घटनालाई क्लाउड ब्रस्टको नाम दिइएको थियो। चौबीस घण्टामा ६३४ मिलि मिटर पानी परेको थियो। २०८१ असार २३ मा दोधारा चाँदनीमा रहेको वर्षा मापन केन्द्रमा ६३४ मिलिमिटर वर्षा रेकर्ड भएको थियो जुन ७७ वर्षयताकै धेरै रहेको थियो । जल तथा मौसम विज्ञान विभागले स्थलगत अध्ययन गर्दा सतही, मध्य र उपल्लो वायुमण्डलमा मनसुनी र पश्चिमी वायु विकसित भई न्यूनचापीय प्रणालीको सम्मिश्रणको प्रक्रिया तथा वर्षाको परिमाणका आधारमा उक्त मौसमी घटनालाई तराई क्लाउड ब्रस्ट मान्न सकिने निष्कर्ष विभागको थियो।

नेपालमा वर्षाको ट्रेन्ड

तीस वर्षको तथ्यांकबाट वर्षाको औसत निकाल्ने गरिएको छ, जसअनुसार मनसुन अवधिमा नेपाल भरीको औसत १ हजार ४७२ मिलिमिटर रहेको छ। यसपटक मधेशमा औसतभन्दा कम वर्षा हुँदै छ। गण्डकी, सुदूरपश्चिममा औसतभन्दा वढी वर्षाको सम्भावना अझै रहेको छ। समुद्रको सतहको तापक्रमको अवस्थाले नेपाल लगायत दक्षिण एशिया, एशिया, अष्ट्रेलियामा पानी पर्ने कुरालाई इंगित गर्छ।

अष्ट्रेलियामन्दा अझ पूर्वतिर गइसकेपछिको समुद्री सतहको तापक्रम र हिन्द महासागरसम्मको समूहको सतहको तापक्रम कस्तो छ भन्ने कुराले नेपालमा पानी पर्ने वा दक्षिण एशियामा पानी पार्ने प्रणालीलाई प्रतिनिधित्व गर्छ। अहिले वर्षाको तीनवटा ट्रेन्ड रहेको छ। इन्डियन प्रशान्त महासागरको दुई ध्रुवीय अवस्था तटस्थ अर्थात् औसतमा बसेको छ। हिन्द महासागर अरब सागर र बंगालको खाडीसँग जोडिएको छ। दुवै तटस्थ अवस्थामा भएपछि त्यहाँबाट जति जलवाष्पयुक्त वायु वाष्पीकरण भएर उत्तरतिर हाम्रा हिमालमा ठोक्किन आउनुपर्नेमा आएन । नर्मल वाष्पीकरण भएको अवस्था भए पनि मनसुनी वायु हुनुपर्ने जति सक्रिय भएन किनभने उसले जलवाष्पयुक्त वायु पाएन, खाली हावा मात्रै पायो ।

जसले गर्दा हावा जतातिर सोरिन्छ, जुन ठाउँमा धर्ती तातिन्छ, त्यहाँ उच्च चापीय अवस्था हुन्छ, र अर्कोतिर न्यून चापीय अवस्था छ, त्यतातिर धकेलिन्छ । यस्तो अवस्थाले गर्दा कुनै एक ठाउँमा वर्षा हुँदा त्यहीँ को अर्को ठाउँमा वर्षा नहुने ट्रेन्ड देखिएको छ।

हावामा धेरै मोस्चर अर्थात् आर्द्रता भयो भने सबैतिर पानी पर्छ तर आर्द्रता कम भयो भने पानी पनि कम पर्छ । यसरी धर्तीबाट जाने वाष्पमा कति पानी छ र माथिको वायु कस्तो छ भन्ने भन्ने कुराले कुन ठाउँमा पानी पार्छ भन्ने निर्धारण गर्छ ।

वर्षाको मापन : मौसमविद्का अनुसार बादल विस्फोट भएर खस्दा अति भारी वर्षा (एक्सट्रिमली हेभी रेनफल) हुन्छ। एक घण्टामा प्रति घण्टा १०० मिलीमिटर पानी मापन गरिन्छ। प्रति घण्टा एकदेखि पाँच मिलिमिटर पानी पर्दा फाटफुट वर्षा भनिन्छ भने १० मिलि मिटर भन्दा मुनिको वर्षालाई हल्का वर्षा भनिन्छ । यसैगरी १० भन्दा माथि ५० देखि ६० मिलिमिटरसम्मलाई मध्यम वर्षा र १०० मिलिमिटर सम्मको वर्षालाई भारी वर्षा भनिन्छ। एक सय मिलिमिटरदेखि २०० मिलिमिटरसम्मको वर्षालाई धेरै भारी वर्षा भनिन्छ भने २०० मिलिमिटर भन्दा माथिको वर्षालाई अति भारी वर्षा भनिने मौसमविद् बताउँछन्।

यसैगरी १०० मिलि मिटरभन्दा माथि तर २०० मिलिमिटर भन्दा मुनिको वर्षालाई धेरै भारी वर्षा भनिन्छ भने २०० मिलिमिटर भन्दा पनि माथिको वर्षालाई अति भारी वर्षा भनिने मौसम विद् बताउँछन्। *जलवायु विज्ञ डा. धर्मराज उप्रेतीसँग गरिएको कुराकानीमा आधारित*

कृषि क्षेत्रमा लगानी प्रवर्द्धनका लागि १० करोड

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को कार्य सम्पादन विवरण सार्वजनिक गरेको छ, जसमा ६६.२९ प्रतिशत बजेट कार्यान्वयन भएको जनाएको छ।

प्रदेश सरकारले कृषि विकास विधेयक पारित गरेको र सेवा केन्द्र स्थापना गरेको छ, साथै 'एक वडा एक उत्पादन' कार्यक्रम विस्तार गरेको छ।

पशुपक्षीको क्षेत्रमा खोप अभियान, प्रयोगशाला निर्माण, र दूध पाउडर प्लान्ट सञ्चालनको तयारी भइरहेको छ, र आगामी वर्षका लागि महत्वाकांक्षी कार्यक्रमहरु तय गरिएका छन्।

काठमाडौं । बागमती प्रदेश सरकार अन्तर्गतको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ को कार्य सम्पादन विवरण सार्वजनिक गरेको छ । मन्त्रालयले २ अर्ब ५० करोड ६४ लाख ६६ हजार रूपैयाँ बराबरको कुल बजेटमध्ये ६६.२९ प्रतिशत कार्यान्वयन गरेको बताएको हो ।

यस वर्ष कृषि तथा पशुपक्षी क्षेत्रमा धेरै संरचनागत सुधार, किसान लक्षित कार्यक्रम र रोग नियन्त्रण अभियान प्रभावकारी रुपमा सञ्चालन गरिएको मन्त्रालयले उल्लेख गरेको छ । प्रदेशको कृषि विकास सम्बन्धमा तयार पारिएको विधेयक, २०८० बागमती प्रदेश सभाबाट पारित भइसकेको र हाल प्रमाणीकरणको अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

यो विधेयक कार्यान्वयनमा आएसँगै प्रत्येक वर्ष कार्यविधि बनाउने झन्झट हट्ने र कार्यक्रम कार्यान्वयनमा सहजता आउने बताइएको छ । मन्त्रालयले चालु वर्षमा २३ वटा नयाँ तथा एक पुरानो कार्यविधिको संशोधन स्वीकृत गरेको छ ।

यससँगै सेवा प्रवाहको पहुँच विस्तार गर्ने क्रममा कृषि तथा पशु सेवा कार्यालय नभएका जिल्लाहरुमा सेवा केन्द्र स्थापना गरेको छ । गत वर्षदेखि सञ्चालनमा ल्याइएको 'एक वडा एक उत्पादन' कार्यक्रमलाई थप विस्तार गर्दै मन्त्रालयले यस आर्थिक वर्षमा थप २५ वडालाई समेट्दै कुल ७० वडासम्म पुऱ्याएको छ ।

समुदायमा आधारित खेती प्रणालीमार्फत वडालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यसहित हरेक वडामा ४० लाख रूपैयाँ बराबरको साझेदारी सहयोग उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ ।

पशुपक्षी तथा मत्स्य क्षेत्रमा प्राकृतिक र गैरप्राकृतिक विपद्बाट क्षति व्यहोरेका ३३० जना किसान र ६ वटा फार्मलाई १ करोड २२ लाख रूपैयाँभन्दा बढी राहत रकम वितरण गरिएको साथै पशु स्वास्थ्यका क्षेत्रमा पनि उल्लेखनीय काम भएको मन्त्रालयले जनाएको छ ।

पीपीआर रोग नियन्त्रणका लागि १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिँदै १५ लाखभन्दा बढी भेडाबाख्रालाई खोप दिइएको छ भने लम्पी स्किन डिजिज विरूद्ध ७२ हजार गाईभैँसीमा नि:शुल्क खोप लगाइएको बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले जानकारी दिए ।

पशुपक्षी रोग अन्वेषण र अनुसन्धानको उद्देश्यले चितवनस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा 'बायो सेफ्टी लेभल टु प्लस' प्रयोगशाला निर्माण कार्य सम्पन्न भई विश्वविद्यालयलाई हस्तान्तरण गरिएको छ ।

प्रयोगशाला सञ्चालनमा आइसकेको र यसले पशुपक्षीका विभिन्न रोगहरुको सटीक निदानमा सहयोग पुऱ्याउने उल्लेख गरिएको छ।

त्यसैगरी, हेटौँडामा निर्माण सम्पन्न भएको दूध पाउडर प्लान्ट सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ। उक्त प्लान्टले दैनिक ६० हजार लिटर दूध प्रशोधन गर्ने क्षमता राख्दछ ।

हाल डेरी विकास संस्थानमार्फत यसको परीक्षण सञ्चालन भइरहेको छ । साथै हेटौँडा ११ मा निर्माण सम्पन्न भएको प्रादेशिक कृषि थोक बजार पनि आगामी साउन १८ गते औपचारिक रुपमा हस्तान्तरण गरिने तय भएको कृषिमन्त्री श्रेष्ठले बताए ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि मन्त्रालयले अझ महत्वाकांक्षी कार्यक्रमहरु अघि सारेको छ ।

कृषि क्षेत्रमा लगानी प्रवर्द्धनका लागि १० करोड रूपैयाँको कर्जा सुरक्षण कोष, ५ करोडको सहुलियतपूर्ण ब्याज अनुदान, स्मार्ट कृषि फार्म र स्मार्ट पशुपक्षी फार्म स्थापना, आधुनिक बधशाला निर्माण र जैविक मल कारखानाको निरन्तर ताजस्ता कार्यक्रम अघि सारिएका छन् ।

पशुपक्षी तथा मत्स्य व्यवसायलाई प्रवर्द्धन गर्न स्टार्टअप ग्रान्टमार्फत ३० करोडको बजेट विनियोजन गरिएको छ भने किसानलाई राहत, व्यवसायिक खेती प्रवर्द्धन, च्याउ र फूल सजावट खेती, कृषि बजार सूचना प्रणाली र आधुनिक ग्रिन हाउस निर्माणजस्ता कार्यक्रम पनि अघि सारिएका छन् ।

जानकारीमुलक भएकोले थाहाखबरबाट साभार गरिएको ।

सहीखबर

समाचार/स्वास्थ्य

www.saheekhabar.com

२०८२ साउन २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

सहरकी नयाँ सकमबरी : आफूभन्दा ठ्याक्कै उल्टो चरित्रमा सनिशा

बाबालाई सोधेर पहिलोपटक चुरोट मुखमा राखिन्, नाटकले सिकायो धेरै कुरा



○लक्ष्मी बलायर

सुयोगवीर दोस्रो विश्वयुद्धका सिपाही हुन्छन्। जसमा पितृसत्तात्मक सोच र यौनिक मनोवृत्ति हाबी छ। उनले धेरै महिलाको यौन शोषण गरे। नारीलाई सधैं यौनको नजरले हेर्ने सुयोगवीर यसपटक भने सकमबरीको प्रेममा पर्छन् ।

तर, सकमबरीलाई उसको प्रेमप्रति कुनै मतलब छैन। सुयोगवीर फूलले भमरासँग लाप्पा खेल्नुलाई प्रेम सम्झन्छन्। तर, सकमबरी फूलले आफ्नो इच्छाअनुसार झर्न पाउनुपर्ने र झर्न भमराको डसाइ आवश्यक नहुने तर्क राख्छिन्। किनकि उनलाई थाहा छ, प्रेम कुनै बाध्यता होइन। सकमबरीसँगको कुराकानीमा सुयोगवीर प्रश्न गर्छन्: 'भमरा बस्नै नपाएपछि यो फूलको के अर्थ?'

सकमबरीको जवाफ हुन्छ: फूल बिग्रँदैन, सुरक्षा हुन्छ।

सकमबरीको यही जवाफमा नारी चेतनाको झिल्का भेटिन्छ। त्यही विद्रोही पात्र सकमबरीको भूमिकामा देखिएकी छिन् अभिनेत्री सनिशा भट्टराई। पारिजातको चर्चित उपन्यास आधारित नाटक 'शिरीषको फूल' मार्फत सनिशाले रंगमञ्चमा डेब्यु गरेकी हुन्। यो नाटक गैह्री धारास्थित कान्तिपुर फिल्म एकेडेमीमा चलिरहेको छ।

मोडलिङमार्फत चर्चामा आएकी सनिशाले गतवर्ष विराज भट्टको '१२ गाउँ'बाट फिल्ममा डेब्यु गरेकी हुन्। जुन गतवर्षभरिकै सर्वाधिक कमाइ गर्ने तेस्रो फिल्म हो। डेब्यु फिल्म नै हिट दिनुका साथै सनिशाले राजेश हमालसँगै 'नर सिंहा: अवतार' मा स्क्रिन सेयर गरिसकेकी छिन्।

'शिरीषको फूल' म्युजिक भिडिओ र फिल्मभन्दा नाटकमा काम गर्दा निकै गाह्रो भएको सनिशाको अनुभव छ।

'भिडिओ, मुभीभन्दा रंगमञ्चतिर चाहिं अलिकति गाह्रो नै हुने रहेछ। लामोलामो डाइलग सम्झिनुपर्ने र रिटेक पनि छैन। भोकल, एक्सप्रेसन सबै लाइभ अडियन्सको अगाडि गर्नुपर्ने हुन्छ। त्यही भएर सुरूमा एकदमै गाह्रो लाग्यो। पहिलो साता गाह्रो भयो, अब अहिले चाहिं सिक्दै जाँदा सहज लाग्दिराखेको छ। नाटक सिक्नको लागि एकदमै ढूलो ठाउँ हो। एक्टिङ भन्ने कुरा लत लागेको जस्तो हुँदो रहेछ,' उनले भनिन्।

'शिरीषको फूल'की सकमबरी निकै बोल्ड पात्र हो। जो करैसँग बोल्न डराउँदिन र निर्धक्कसँग आफ्नो मत राख्छे। पुस्तक पढ्नु अनि चुरोट तान्नु उनको दैनिकीसरह हो।

तर, सकमबरीभन्दा ठ्याक्कै विपरीत छिन् सनिशा। सनिशा सामान्य केटीसहर कोमल छिन्। हत्तपत्त आफ्नो मत राख्न सक्दिनन्। चुरोट तान्नु त उनको कल्पनाबाहिरको कुरा हो। तर, पात्रकै लागि आफूले पहिलोपल्ट चुरोट तान्नुपरेको सुनाउँछिन् उनी।

'मभन्दा विपरीत नै भएकोले अलिकति गाह्रो फिल भएको थियो। सकमबरी पात्रले चुरोट एकदमै खाने। निकोटिनले गर्दा उसको हात पहँलो भइसकेको हुन्छ,' उनले भनिन्, 'मैले फेरि लाइफमा चुरोट नै नखाको। हुक्का र भेप समेत ट्राइ गरेको थिइनँ। चुरोट खानुपर्ने सिन भएपछि परिवार सँग कुरा गरँ। बाबाले केही हुँदैन, क्यारेक्टरको लागि मान्छेले कस्तो कस्तो कुरा गर्छ भन्नुभयो। त्यसपछि पहिलोचोटि चुरोट मुखमा राखँ। खोकी लागेर एकदम गाह्रो भयो। त्यो दैनिक गर्नुपर्छ, त्यही भएर अलि गाह्रो छ।'

यसअघि सनिशाले 'शिरीषको फूल'बारे सुनेपनि पुस्तक भने पढेकी थिइनन्। तर, कान्तिपुर थिएटरले अफर गरिसकेपछि उनले पहिलोपल्ट पुस्तक पढिन्। दुईतीनपटक पुस्तक पढेपछि अडिसन दिएर छनोट भइन्। सुरूमा सकमबरी पात्र निर्वाह गर्दा उत्साहसँगै डर समेत लागेको बताउँछिन् उनी।

'सुरूमा उत्साहसँगै डर पनि लागेको थियो। आफूले राम्रोसँग गर्न सकेन भने त्यो पात्रकै अपमान गरेजस्तो होला भन्ने सोचैं। कतिजनाले केही भन्नुहुन्छ होला भन्ने डर थियो एक किसिमको। तर, सुरूमै सबै कुरा पर्फेक्ट हुन्छ भन्ने पनि छैन। सकमबरी कस्ती थिइन् भनेर त कसैलाई पनि थाहा छैन नि त। हरेकको कल्पनामा फरक फरक हुन सक्छिन्। हामीले र मैले सोचेअनुसार चाहिं यस्तो होला है भन्ने तरिकाले मैले आफूलाई प्रस्तुत गरैं। निर्देशकले त्यहीअनुसार बनाइदिनुभयो। जे होस् अब कोसिस गरिराछु,' उनी भन्छिन्।

यस नाटकमा सनिशाले चर्चित अभिनेता जीवन लुइँटेलसँग स्टेज सेयर गरेकी छिन्। जीवनसँग सहकार्य गर्दा निकै सहज भएको बताइन् उनले। भन्छिन्, 'जीवन सरसँग काम गर्दा निकै सहज भयो। उहाँले नजानेको, नबुझेको कुरा हरु सिकाउनुहुन्छ। यस्तो यस्तो हुन्छ, यसरी हुन्छ सनिशा भन्नुहुन्छ। उहाँ त कत्ति वर्षदेखि हुनुहुन्छ नि त इन्डस्ट्रीमा। तर, एकदमै आफ्नो जुनियरलाई जसरी गाइड गर्छन् नि, त्यस्तै गर्नुहुन्छ। एकदमै स्विट हुनुहुन्छ। राम्रो छ जे होस्।'

यो नाटक गरिसकेपछि सनिशाले आफूमा निकै परिवर्तन पाएकी छिन्। अभिनयदेखि व्यवहारमै समेत फरक पाएको उनको अनुभव छ।

'पहिले अँध्यारोसँग एकदमै डर लाग्थ्यो। अहिले अँध्यारोमा म पाइला गनेर हिँडिराको हुन्छु। किनकि पैतालाले ढक्नै मिल्दैन, आवाज आउँछ नि त। नाटकबाट मैले कत्ति धेरै कुराहरु सिकँ,' उनले भनिन्, 'अनि एकोहोरो भइँदो रहेछ। नाटक गर्न जाँदाखेरि मैले फोन नै घरमा छोडेर हिँडेछु।

उता गएपछि बल्ल मैले त आज फोनै ल्याइनछु भन्ने थाहा पाएँ। कति कुराहरु मसँग पहिलोचोटि भयो। किनकि फोनबिना बस्नै सकिँदैन नि त। आठ दस घण्टा फोनबिना बिताइयो।' एक वर्षमै सनिशाले राम्रो चर्चा बटुलिसकेकी छिन्। छिट्टै सनिशा अन्य फिल्ममा पनि काम गर्ने तयारीमा छिन्। तर, फिल्मसहित रंगमञ्चमा समेत निरन्तरता दिने उनको सोच छ।

'सबैजनाले नाटकलाई मन पराइदिनुभएको छ। कत्ति राम्रो साहित्यको व्यक्तिहरु, लेखक, गीतकारदेखि फिल्मकर्मी आउनुभएको छ, राम्रो प्रतिक्रिया दिनुभएको छ। एकदमै खुसी लाग्दिरहेछ त्यो कुराहरुले। नाटकलाई निरन्तरता दिन्छु होला। अब लगत्तै गर्न नपाए पनि बिस्तारै बिस्तारै गर्न चाहिं गर्छु भन्ने सोचिराछु,' उनले सुनाइन्। यस नाटकमा सनिशा र जीवनसहित राज न्यौपानेको अभिनय छ। यस नाटकमा पत्रिका घिमिरेको लेखक र निर्देशन रहेको छ। रमेश पुरी निर्माता रहेको नाटक साउन २७ गतेसम्म चल्नेछ। *नेपालखबर*

भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो

3 YEARS
HA, LAB TECHNOLOGY,
PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू

- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २५ वर्ष देखि निरन्तर चलिरहेको संस्था

कार्यक्रमहरू

Health Assistant (HA)	40 सिट
PCL Lab Technology	30 सिट
PCL Radiography	30 सिट
PCL Physiotherapy	40 सिट

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरूलाई सुवर्ण अवसर

फारम शुल्क रू १०००/-

- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।०४।२५ गते आइतवार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्स्टिच्युट

हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९९०, ९८६०२०२६७१, ९८५५०१२८५२

माण्डु हाइड्रोपावरको पुनर्निर्माण
११ महिनापछि विद्युत् उत्पादन

○सहीखबर संवाददाता



मकवानपुर । गत असोज ११ र १२ गतेको अविरल वर्षाले बागमती नदीमा आएको बाढीले क्षतिग्रस्त बनाएको माण्डु हाइड्रोपावरले पुन: विद्युत् उत्पादन सुरू गरेको छ ।

पुनर्निर्माणको कार्य सकेर माण्डु हाइड्रोपावरले मंगलवारदेखि पुन: विद्युत् उत्पादन सुरू गरेको हो । पहिलो चरणमा क्षमताको ५० प्रतिशत मात्र विद्युत् उत्पादन गरिएको छ । माण्डु हाइड्रोपावरको विद्युत् उत्पादन क्षमता २२ मेगावाट हो ।

'पुनर्निर्माण कार्य सकेर पहिलो चरणमा ११ मेगावाट विद्युत् उत्पादन गरिरहेका छौं,' माण्डु हाइड्रोपावरका वरिष्ठ प्राविधिक मनोज सिंहले भने, 'अब छिट्टै नै पूर्ण क्षमताका साथ विद्युत् उत्पादन गर्नेछौं, केही प्राविधिक समस्या भएकाले क्षमताको ५० प्रतिशत मात्र विद्युत् उत्पादन गरेका हौं ।'

बागमती नदीमा आएको बाढीले क्षतिग्रस्त बनाएको हाइड्रोपावरको पुनर्निर्माण कार्य गत मंसिर महिनादेखि सुरू गरिएको थियो । नेपाली प्राविधिक र कामदारहरु सम्मिलित टोलीले हाइड्रोपावरको प्राविधिक एवम् भौतिक कार्यहरु गरेका थिए । प्राविधिक र कामदार गरेर सरदर दैनिक ६० जना मन्दा बढी खटिएका थिए ।

मकवानपुरस्थित भीमफेदी गाउँपालिका ८, बागमती दोभानमा उत्पादन गृह राखेर विद्युत् उत्पादन गर्दै आएको माण्डु हाइड्रोपावरको बागमती खोलाको बाढी र पहिरोले हेडवर्क्स, पावर हाउस, पेनेस्टक पाइप, विद्युत्को ठावर क्षतिग्रस्त बनाएको थियो । २०७५ सालदेखि २२ मेगावाट विद्युत् उत्पादन गर्दै आएको हाइड्रोपावरलाई बागमतीको बाढीले करिब १ अर्बभन्दा बढी क्षति पुऱ्याएको प्रमुख सञ्चालक अधिकृत सुन्दर श्रेष्ठले बताए । 'बागमतीमा आएको बाढीले हाइड्रोपावरलाई कल्पनै नगरेको क्षति पुऱ्यायो, त्यसको मर्मत सम्भार कार्य गरेर पुन: विद्युत् उत्पादन सुरू गरेका छौं,' उनले भने ।

सिस्नेरी बजारदेखि आयोजनास्थल पुग्ने सडक नै बाढीले क्षतविक्षत बनाएको थियो । माण्डु हाइड्रोले सडकको मर्मत सम्भार गरेर आयोजनास्थलसम्म पुग्ने बाटो खोलेर गत मंसिरको पहिलो सातादेखि पुनर्निर्माणको कार्य सुरू गरेको थियो ।

बागमती नदीमा आएको बाढीले ६०० मिटर पेनेस्टकमध्ये १०० मिटर पेनेस्टक पाइप क्षतिग्रस्त बनाएको थियो । ३ हजार ४२४ मिटर लामो मुख्य सुरूङमा बालुवा र लेदो पसेर क्षति पुऱ्याएको थियो ।

काठमाडौंबाट फोहोर बढुल्दै बग्ने बागमती खोलाको पानीबाट मकवानपुरको भीमफेदी गाउँपालिका ८, इपा पञ्चकन्याको वगरबेसीस्थित विद्युत् गृहबाट विद्युत् उत्पादन हुँदै आएको थियो ।

धान खेतमा छोडिएको करेन्ट लागेर युवक र गैंडाको मृत्यु

○ सहीखबर संवाददाता



मकवानपुर। मकवानपुरको मनहरीस्थित धान खेतमा करेन्ट लागेर बुधबार युवकको मृत्यु भएको छ ।

मनहरी गाउँपालिका ६ जोगितालको धान खेतमा चितवन राप्ती नगरपालिका १ का ३० वर्षीय लालबहादुर मोक्तानको करेन्ट लागेर मृत्यु भएको हो ।

वन्यजन्तुबाट धानबाली जोगाउनका निम्ती खेतमा विद्युतीय करेन्ट लगाइएको थियो । बिहान धान खेतमा आएका मोक्तानलाई करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक विशाल सापकोटाले बताए ।

धानखेतमा जडान गरिएको विद्युतीय तारमा बेलुका करेन्ट छोड्ने र बिहान बन्द गर्ने कार्य मोक्तानले नै गर्दै आएका थिए । तर बुधबार उनले करेन्ट बन्द नगरी खेतमा आएकाले करेन्ट लागेर मृत्यु भएको स्थानीय देवलाल थिङले बताए ।

स्थानीयवासीले खेतमा मानिस लडेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । 'प्रहरी र स्थानीय घटनास्थलमा पुगेर हेर्दा करेन्ट लागेर मृत्यु भएको देखियो,' प्रहरी निरीक्षक सापकोटाले भने ।

मृतक मोक्तानको घर मनहरी जोगीतालमा पनि छ । तर उनी अहिले राप्ती नगरपालिका १ मा बस्दै आएका थिए । खेतीपाती उनको जोगीतालमा नै छ ।

करेन्ट लागेर मृत्यु भएको धान खेत मोक्तानकै रहको प्रहरीले बताएको छ ।

यस्तै, अर्को बेग्लै घटनामा चितवनको माडी नगरपालिका ३ भैरवपुरमा बुधबार नै धान खेतमा एउटा गैंडा करेन्ट लागेर मरेको फेला परेको थियो । वन्यजन्तुबाट बाली जोगाउने उद्देश्यले खेतमा लगाइएको करेन्ट मानिस र वन्यजन्तु दुवैलाई धराप बन्दै आएको छ ।

बहुविवाहलाई छुट नदिन अनेमसंघको माग

○ सहीखबर संवाददाता



मकवानपुर । अखिल नेपाल महिला संघ (अनेमसंघ), मकवानपुरले महिलामैत्री कानुन निर्माणको माग गरेको छ ।

बुधबार अनेमसंघ मकवानपुरले सरकारले निश्चित परिस्थितिमा बहुविवाहलाई कानुनी छुट दिने गरी कानुनको मस्यौदा तयार गरेको प्रति विरोध जनाएका हुन् । नीतिगत सुधारको पक्षमा दबाबमुलक कार्यक्रमदेखि, महिला सशक्तिकरणका लागि लड्दै आइरहेको संघले उक्त कार्य गैर जिम्मेवारपूर्ण तथा आपत्तिजनक रहेको ठहर गर्दै प्रस्ताव तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गराएको हो । पितृसत्तात्मक सोच र संरचनाको अन्त्य गर्न प्रभावकारी कानुन निर्माणको माग गर्दै अनेमसंघले एक ज्ञापनपत्र सरकार समक्ष पेस गरेको छ ।

संघले जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत सरकारलाइ ज्ञापनपत्र बुझाउँदै महिलाहरुले पितृसत्तात्मक भूमिकाको अन्त्यका लागि लामो समयदेखि संघर्ष गर्दै आए पनि व्यावहारिक रुपमा अझैसम्म अपेक्षित सुधार नआएकोमा गम्भीर चिन्ता व्यक्त गरेको छ ।

"महिला संघले २०७५ मदौ १ गतेदेखि पूर्णतया निषेध गरिएको मुलुकी अपराध संहिता २०७४ लाइ संशोधन गरी निश्चित परिस्थितिमा बहुविवाह गर्न पाउने कानुन ल्याउन लागेको विषयले सम्पूर्ण नेपालीको ध्यानाकर्षण गरिएको छ ।" ज्ञापनपत्रमा उल्लेख छ । ज्ञापनपत्रमा हालको सरकारले यस अघि लागू गरेका कानुनलसमेत पितृसत्तात्मक सोचलाई प्रश्रय दिएको र महिलामाथिको हिंसा तथा विभेदलाई कानुनी संरक्षण मिलिरहेको उल्लेख गरिएको छ । ज्ञापनपत्र बुझ्नुँदै संघकी अध्यक्ष सुमित्रा का लेले महिलामाथिको विभेद अन्त्य गर्न बनेका कानुनहरु व्यवहारमा लागु नभएको र महिलाको अधिकार सुनिश्चित गर्न संशोधित कानुन तुरून्त कार्यान्वयनमा ल्याउनुपर्ने बताइन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

डेंगीबाट बचौं र बचाऔं ।

लक्षण:
❖ उच्च ज्वरो आउनु,
❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
❖ अत्याधिक टाउको दुख्नु,
❖ शरीरमा राता बिबिराहरु आउनु,
❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

नेपाल सरकार
विज्ञापन बोर्ड